E-mail: deo.parsa@election.gov.np

निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय
पर्सा, बीरगंज

प.स. २०७९/०८०
च.न. ५८

मितिः-२०७९/०६/०५

**विषयः - आवश्यक सहयोग गरिदिने सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय, पर्सा।
श्री जिल्ला प्रहरी कार्यालय, पर्सा।
श्री मालपोत कार्यालय, पर्सा।
श्री नापी कार्यालय, पर्सा।
श्री सबै स्थानीय तहको कार्यालय, पर्सा

उपरोक्त सम्बन्धमा निर्वाचन आयोग, नेपालबाट मिति २०७९/०४/३१ मा निर्णय भई मिति २०७९/०५/०१ गतेको गोरखापत्रमा सूचना प्रकाश गरी स्पष्टीकरण सोधिएकोमा तोकिएको समयमा निर्वाचन खर्चको विवरण पेश नगर्ने र कानूनले तोकेको समय व्यतित भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुले आफ्नो सफाई सहितको स्पष्टीकरण पेश गरेकोमा सो स्पष्टीकरणको व्यहोरामा कानूनको जानकारी नभएको, कार्यव्यस्तताले नभ्याएको, जिल्ला बाहिर रहनु परेको, निर्वाचन हारे पछि निर्वाचन खर्च पेश गर्नुपर्छ भन्ने थाहा नभएको, विविध कारणले पेश गर्न नसकेको, विरामी परेको लगायतका विषयहरु उल्लेख भएको देखिएकोमा निजहरुले पेश गरेको उक्त स्पष्टीकरणको व्यहोरा विश्वासयोग्य, चितबुझ्दो र सन्तोषजनक नदेखीएकोले निजहरुको हकमा स्थानीय तह निर्वाचन निर्देशिका २०७८ को दफा ३५ को उपदफा (६) सँग सम्बन्धित अनुसूची १३ को स्वघोषणाको क्रम संख्या १ को खण्ड (त) मा भएको निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिता पुर्णरुपमा पालन गर्ने र सोही खण्ड (थ) मा भएको निर्वाचन आयोगले तोकिएको निर्वाचन खर्चको सिमा भित्र रही खर्च गर्न र खर्च सम्बन्धी आचरण पालना गर्न प्रतिवद्ध रहेको भनी उम्मेदवारी मनोनयन गर्दा गरेको स्वघोषणाको परिपालन गरेको नदेखिएको साथै निर्वाचन आचार संहिता, २०७८ को दफा १५ को खण्ड (ज) मा रहेको आम्दनी तथा खर्चको विवरण प्रचलित कानून बमोजिम निर्वाचन आयोगले तोकेको ढाँचामा निर्वाचन कार्यालय वा आयोगमा बुझाउनु पर्ने भन्ने प्रवधानको समेत उल्लङ्घन गरेको देखीएकोले निजहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (१) बमोजिम देहाय अनुसार हुने जरिवाना भएको रकम असुल उपर गराउने तर्फ आवश्यक सहयोग पुऱ्याई दिनहुन अनुरोध छ।

**नोटः**

यस कार्यालयबाट यसै पत्रसाथ संलग्न गरी पठाईएको नाम नामेशी सहितको विद्युतीय प्रति सम्बन्धित कार्यालय तथा सम्बन्धित स्थानीय तहको कार्यालयको Website, Facebook Page र सूचना पार्टीमा सबैले देख्ने गरी नाम नामेशीको विवरण प्रकाशन गरी सोको रित्तपूर्वक मुचुल्का खडा गरी जिल्ला निर्वाचन कार्यालयमा पठाईदिनहुन अनुरोध छ।

**देहाय**

**जरिवाना रकम**

१. महानगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु. ७,५०,०००/- (सात लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

२. महानगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु. ३,००,०००/- (तीन लाख) रुपैयाका दरले जरिवाना गर्ने,

३. नगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु. ४,५०,०००/- (चार लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

४. नगरपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु. २,००,०००/- (दुई लाख) रुपैयाका दरले जरिवाना गर्ने,

५. गाउँपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु. ३,५०,०००/- (तीन लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

६. गाउँपालिकाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु. १,५०,०००/- (एक लाख पचास हजार) रुपैयाका दरले जरिवाना गर्ने,

..............................

रंजिता झा

जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकार.

निर्वाचन अधिकारी

जिल्ला निर्वाचन कार्यालय